# आ. व.२०७५/७६ को प्रथम छ महिना (श्रावण - पौष) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७५/७६ को प्रथम छ महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा २८.३ प्रतिशतले वृद्धि भई रु.७६९.३५ अर्व पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ५.९ प्रतिशत र ९४.१ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपालको कुल निकासी ११.२ प्रतिशतले वृद्धि भई रु ४५.४१ अर्व तथा कुल पैठारीमा २९.६ प्रतिशतले वृद्धि भई रु. ७२३.९४ अर्व पुगेको छ । आ.व. २०७४/७५ को प्रथम छ महीनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१३.७ रहेकोमा आ.व. २०७५/७६ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१५.९ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, तयारी पोशाक, मुसुरोको दाल, जुट तथा जुटका सामानहरु, टेक्सटाइल, फलाम तथा स्टील र तिनका उत्पादनहरु, हस्तकलाका सामानहरु, चाउचाऊ, टुथपेष्ट, अलैंची, चिया, अदुवा, फेल्ट, नेपाली हातेकागज, छाला, पश्मिना सल, जडिवुटी, रोजिन एण्ड रेजिन एसिड आदि प्रमुख रहेका छन् । समीक्षा अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा पोलिष्टर तथा अन्य धागोमा १०.३ प्रतिशतले वृद्धि भई रु. ४.६७ अर्व, फलाम तथा स्टील र तिनका उत्पादनहरुको निर्यातमा २७.० प्रतिशतले वृद्धि भई रु. ३.७४ अर्व, ऊनी गलैंचाको निर्यातमा १३.३ प्रतिशतले वृद्धि भई रु. ३.७२ अर्व, तयारी पोशाकको निर्यातमा ९.३ प्रतिशतले वृद्धि भई रु. ३.३७ अर्व पुगेको छ । जुट तथा जुटका उत्पादनको निर्यातमा ३.४ प्रतिशतले ह्रास आई रु २.६५ अर्ब पुगेको छ । यसै गरी समीक्षा अवधिमा २.०४ अर्बको जुस, रु. २.१९ अर्व चिया, रु. १.७१ अर्बको टेक्सटाइल, रु. १.३४ अर्वको पश्मिना सल, रु. १.५३ अर्वको अलैंची, रु. ९५ करोडको फेल्ट, रु. ८२ करोड जडिवुटी, रु. ७४.५ करोडको मुसुरोको दाल, रु.६९ करोडको जुत्ता निकासी भएको देखिन्छ ।

नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, बंगलादेश, फ्रान्स, इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, डेनमार्क आदि प्रमुख रुपमा रहेका छन् ।

नेपालको सगम्र आयातमा वृद्धि देखिए तापनि यो आयातका धेरै सकारात्मक पक्षहरु छन् । उदाहरणका लागि समीक्षा अवधिमा देशको द्रुत विकासका लागि अति आवश्यक पर्ने भौतिक संरचना निर्माणका सामग्रीहरुको आयातमा यस अवधिमा पचास प्रतिशतले वृद्धि भई रु रु ८८.९० अर्ब पुगेको छ । यसै गरी मुलुकको औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्ने खालका औद्योगिक कच्चापदार्थको आयातमा पनि यस अवधिमा १८

प्रतिशतले वृद्धि भएको देखिन्छ । यसरी कच्चापदार्थको आयातमा वृद्धि हुँदा यसले मुलुकमा उत्पादनका गतिविधिहरु वृद्धि हुने र मुलुकभित्र रोजगारीका थप अवसरहरु सिर्जना हुने वातावरण तयार भएको छ ।

समीक्षा अवधिमा हवाईजहाज तथा हेलिकप्टरको आयातमा वृद्धि देखिएको छ । यो वृद्धि पटक पटक नभई एक पटक मात्र हुने र यस्ता आयातले दीर्घकाल सम्म पूँजी निर्माण गर्नुका साथै देशको प्रमुख आयश्रोतका रुपमा रहेको पर्यटन क्षेत्रको विकासमा थप योगदान  दिने निश्चित छ ।

समीक्षा अवधिमा पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

पैठारीतर्फ सग्रममा आ.व. २०७५/७६ को प्रथम छ महीनमा भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ५०.५ प्रतिशतले वृद्धि भई रु. ५८.२६ अर्बको वृद्धि भएको छ । समीक्षा अवधिमा सिमेन्ट क्लिन्कर,पोलिथिन ग्यानुअल लगायतका वस्तुहरुको आयातमा वृद्धि देखिएको छ ।  समीक्षा अवधिमा पेट्रोलियम पदार्थमा ४९.३ प्रतिशतले वृद्धि भई  रु. १०४.८४ अर्ब,, मशिनरी तथा पार्ट्समा ८.२ प्रतिशतले वृद्धि भई  रु. ५९.०२ अर्ब, यातायातका साधन र तिनका पार्टपुर्जामा १६.५ प्रतिशतले वृद्धि भई रु. ५०.२२ अर्ब, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ३४.४ प्रतिशतले वृद्धि भई रु. २९.४७ अर्ब, अन्नको आयातमा २२.५ प्रतिशतले वृद्धि भई २७.२२ अर्ब, हवाईजहाज तथा हवाईजहाजका पार्ट्सको आयातमा ३००.२ प्रतिशतले वृद्धि भई रु १८.६६ अर्ब, तयारी पोशाकको आयातमा १६९.३ प्रतिशतले वृद्धि भई १८.२६ पुगेको छ  । सुनको आयामा १८.९ प्रतिशतले वृद्धि भई १७.४२ अर्ब पुगेको छ । यसै गरी औषधीको आयातमा २४.८ प्रतिशतले वृद्धि भई रु. १६.८१ अर्ब पुगेको छ । पोलिथिन ग्रेन्युल्सको आयातमा २२.३ प्रतिशतले वृद्धि भई रु. १२.३४ अर्ब पुगेको छ ।  समीक्षा अवधिमा रु. ९.६० अर्ब बराबरको रासायनिक मल र रु. ८.८९ अर्ब बराबरको   सिमेन्ट क्लिङ्कर पनि आयात भएको देखिन्छ ।

दुरसञ्चारका सामाग्रीहरुको आयातमा २३.३ प्रतिशतले ह्रास आई रु. १३.४७ अर्ब पुगेको छ  ।

नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, स्वीट्जरलेण्ड, थाइलेण्ड, क्यानडा, मलेशिया, अर्जेन्टिना, संयुक्त राज्य अमेरिका, भियतनाम, साउदी अरेविया, दक्षिण कोरिया प्रमुख रुपमा रहेका छन् ।

चालु आर्थिक वर्ष २०७५/७६ को समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्य रुपमा सुधार भए तापनि पैठारीमा देखिएको अत्यधिक वृद्धिका कारण व्यापारघाटामा ३१.० प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. ६७८.५३ अर्व पुगेको छ ।